पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय
(योजना, अनुगमन तथा समन्वय महाशाखा)

EX: पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाण्डौं

पत्र संख्या :- ०७७/०७८
चलानी नं. :- ५२५
प्राप्त पत्र संख्या र मिति :-

मिति:- २०७७/१२/१९

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,प्रदेश नं. १, विराटनगर ।

श्री उद्योग, पर्यटन ,वन तथा वातावरण मन्त्रालय,प्रदेश नं. २, जनकपुर ।

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वागमती प्रदेश, हेटौंडा ।

श्री उद्योग, पर्यटन ,वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश, पोखरा ।

श्री उद्योग ,पर्यटन, वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेश, वुटवल ।

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत ।

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी ।

श्री वन तथा भू -संरक्षण विभाग, ववरमहल, काठमाण्डौ ।

श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग,बबरमहल, काठमाण्डौ ।

श्री नेपाल वन निगम लिमिटेड.ववरमहल, काठमाण्डौ ।

श्री वन पैदावार विकास समिति.ववरमहल, काठमाण्डौ ।

विषय : नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गर्ने सम्वन्धमा ।

प्रस्तुत विषयमा वैज्ञानिक वन व्यवस्थापन कार्यविधि ,२०७१ अनुरुप वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू नगरिएका वनमा प्रचलित कानूनबमोजिम स्वीकृत भएकाका वन व्यस्थापन कार्ययोजना बमोजिमका कार्यहरु नियमित रुपमा सञ्चालन गर्ने विषयको वन तथा वातावरण मन्त्रालयको मिति २०७७/१२/१२ को प्रस्ताव मं.प.बै.सं. ७५/०७७ मिति २०७७/१२/१२ को मन्त्रिपरिषदको बैठकमा पेश हुंदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषदले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली,२०६४ को नियम २९ बमोजिम अनुरोध छ भनी नेपाल सरकार (मन्त्रिपरिषद) वाट लेखी आएकोले निर्णयानुसार कार्यान्वयनको लागि अनुरोध छ ।

प्रकाश लम्साल
सहसचिव(प्रा)

<u>नेपाल सरकारको निर्णय</u>

" वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू नभएका तर प्रचलित कानून बमोजिम वन व्यवस्थापन कार्ययोजना स्वीकृत भएको सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, साझेदारी वन र वन संरक्षण क्षेत्रमा स्वीकृत कार्ययोजना बमोजिम कार्यहरु सञ्चालन गर्न स्वीकृति दिने ।"